जहाँ छ मेरो जनमभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २३४ • २०८३ जेठ ३१ गते आईतवार • 14 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# बालविवाह अन्त्यको संकल्प: जलेश्वर नगरपालिकाको वडा नं. ७ 'बालविवाह मुक्त' घोषणा

**मो. इर्शाद**
**महोत्तरी, ३० जेठ**



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा वडाहरु बालविवाह मुक्त घोषणा हुन थालेका छन । पहिले वडा नं. ५,१० र ११ बालबिवाह मुक्त घोषणा भैसकेकोमा शुक्रवार वडा नं. ७ समेत बालबिवाहमुक्त घोषणा गरिएको छ ।

शुक्रवार वडा कै महादेवपट्टी स्थित विद्यालय प्रांगणमा आयोजित विशेष समारोहमा पुर्व शिक्षा तथा संस्कृति मन्त्री तथा प्रदेश सभा सदस्य रानी शर्मा तिवारी तथा जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनारले संयुक्त रुपमा वडा नं. ७ लाई बालबिवाह मुक्त घोषणा गरेका छन । वडा अध्यक्ष राम छविला यादवले बालबिवाह मुक्तको कार्यपत्र प्रस्तुत गरेपछि प्रमुख तथा विशेष अतिथिले सो घोषणा गरेका हुन । वडा अध्यक्ष राम छबिला यादव को अध्यक्षतामा सम्पन्न समारोहमा बालबिवाह घोषणाको सम्पुर्ण सुचक पुरा भएपछि सो घोषणा गरिएको हो ।

कार्यक्रममा जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमन लाल कर्ण, उपप्रमुख नन्दु महरा, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, जनप्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, पत्रकार, राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय समुदायको उल्लेख्य सहभागिता रहेको थियो। प्रमुख अतिथि पुर्वमन्त्री तिवारीले अफै वडाहरु बालबिवाह र साक्षर घोषणा बाकि रहेकोमा यसतर्फ सबै पक्ष थप जिम्मेवार हुन आग्रह गरिन । उनले समुदायमा अफै शिक्षा र जनचेतना पुर्याउन कार्यगर्न बाकि रहेकोमा हामीले शिक्षाको ज्योती बाल्न सके विविध समस्या समाधान हुदै जाने बताईन । पुर्वमन्त्री तिवारीले उमेर नपुग्दै गरिने बिवाहले बालबालिकाको भविष्य खराव हुनुका साथै यस्ले स्वास्थ्यमा समेत प्रतिकुल असर गर्ने र कानुनले समेत यसलाई दण्डित गरेकोले सचेत हुन आग्रह गरिन ।

त्यस्तै नगरप्रमुख सोनारले बालबिवाह अन्त्यका लागि स्थानीय सरकार, समुदाय, विद्यालय, अभिभावक र सरोकारवाला निकायबीच निरन्तर सहकार्य आवश्यक रहेकोमा जलेश्वर नगरपालिका यसकार्यमा निरन्तर लागिरहेको बताए। उनले चाडै पालिकाको सबै वडाहरु बालबिवाह मुक्त र साक्षर घोषणा भई पालिका समेत बालबिवाह मुक्त र साक्षर घोषणा हुने बताए । यता वडाअध्यक्ष यादवले वडा कार्यालय, वडा बालअधिकार समिति तथा विभिन्न साफेदार संस्थाको सहकार्यमा सञ्चालन गरिएको अभियानले समुदायमा सकारात्मक परिवर्तन ल्याएको वडाले बताए । उनले अभियान अन्तर्गत विद्यालय, टोल तथा समुदायस्तरमा निरन्तर जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेपछि आज घोषणा सम्भव भएको उनले थपे ।

वडाले सार्वजनिक गरेको तथ्यांकअनुसार सन् २०२३ मा भएका ८५ विवाहमध्ये २० वटा बालविवाह थिए । सन् २०२४ मा यो संख्या १० मा फर्यो भने सन् २०२५ मा ६६ विवाहमध्ये ६ वटा मात्र बालविवाह भएको पाइएको छ । यससँगै बालविवाह मुक्त कार्यविधिले तोकेका अधिकांश सूचक पूरा भएको जनाइएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार वडा नं. ७ को कुल जनसंख्या ६ हजार ३७२ रहेको छ। तीमध्ये करिब ४८ प्रतिशत बालबालिका छन्। बालबालिकाको ठूलो जनसंख्या रहेको यस वडामा बालअधिकार संरक्षण तथा बालविवाह न्यूनीकरणलाई विशेष प्राथमिकतामा राखिएको छ। सेभ द चिल्ड्रेन, रतौली युवा क्लब, डिडिआरसी पर्सा, समाज उत्थान कल्याण संघ तथा सि.ई.एफ.एम परियोजनाको सहयोगमा सञ्चालन भइरहेको अभियानले वडालाई पालिकाको चौथो बालविवाह मुक्त वडा घोषणा गर्न अवसर जुराईदिएकोमा वडाअध्यक्ष यादवले सहयोगी संस्थाहरुलाई धन्यवाद दिएका छन ।

# जनकपुरधाममा भएका विद्यालयहरु मध्ये ज्ञान गंगाले गरेको प्रयास मधेस प्रदेशको राजधानी जनकपुरधाममा अध्यात्म,साहित्य र संस्कृतिको अदभुत प्रस्तुति रहेको छ: सभामुख राम अशिष यादव



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० जेठ**

जनकपुरधाममा भएका समृद्ध र समपन्न विद्यालयहरु मध्ये ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलले गरेको प्रयास मधेस प्रदेशको राजधानी जनकपुरधाममा अध्यात्म,साहित्य र संस्कृतिको अदभुत प्रस्तुति रहेको मधेस प्रदेशको सभामुख राम अशिष यादवले बताउनु भएको छ ।१५ दिवसीय कथक तथा मैथिली नृत्य कार्यशालाको समापन कार्यक्रममा प्रमुख अतिथिको रुपमा मधेस प्रदेशको सभामुख माननीय राम अशिष यादव,विशिष्ट अतिथिको रुपमा जनकपुरधाम उपमहानगर वडा नं.-४ को वडाध्यक्ष सुरेश झा,कथक गुरु हृदेव राय,एकेडेमिक कन्सल्टेन्ट जोन रोमियो जर्ज,मधेस प्याब्सनको केन्द्रीय अध्यक्ष अमरेन्द्र झा,प्रदेश अध्यक्ष मुरारी लाल कर्ण,जिल्ला अध्यक्ष सुजित मिश्र,अभिभावक गण,गुरु वर्ग,विद्यार्थी,सुरक्षाकर्मी तथा पत्रकारहरुको गरिमामय उपस्थिति रहेको थियो ।

# विद्रोहीलाई 'कर्मयोगी बद्रीप्रसाद पहाडी समाजसेवा पुरस्कार-२०८३' प्रदान गरी सम्मान

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३० जेठ**



मानव अधिकार तथा शान्ति समाजले मधेश प्रदेश सभा सदस्य ललिता दास विद्रोहीलाई 'कर्मयोगी बद्रीप्रसाद पहाडी समाजसेवा पुरस्कार-२०८३' प्रदान गरी सम्मान गरेको छ ।

समाजले सामाजिक न्याय, मानव अधिकार तथा समावेशी समाज निर्माणको क्षेत्रमा पुर्याएको उल्लेखनीय योगदानको कदर गर्दै विद्रोहीलाई उक्त पुरस्कार प्रदान गरेको जनाएको छ। पुरस्कारसँगै नगद रु. १ लाख १० हजार राशीसमेत प्रदान गरिएको छ । लामो समयदेखि दलित, महिला तथा सीमान्तकृत समुदायको हकअधिकारका लागि सक्रिय रहँदै आएकी विद्रोही सामाजिक विभेद, जातीय भेदभाव तथा महिला अधिकारसम्बन्धी विभिन्न अभियान र आन्दोलनमा निरन्तर सहभागी हुँदै आएकी छन् । समाजले उनको यही योगदानको मूल्यांकन गर्दै सम्मान अर्पण गरेको हो । पुरस्कारको नामकरण गरिएका समाजसेवी बद्रीप्रसाद पहाडी शिक्षा, समाजसेवा तथा सामाजिक जागरणका क्षेत्रमा पुर्याएको योगदानका लागि परिचित व्यक्तित्व हुन् । सिरहामा विसं १९९९ चैत १ गते जन्मिएका पहाडीले मानव अधिकार तथा शान्ति समाजको केन्द्रीय कार्यालय भवन निर्माणका लागि रु. १ करोड आर्थिक सहयोग प्रदान गरेका थिए । मानव अधिकार तथा शान्ति समाजले हरेक वर्ष सामाजिक रूपान्तरण, मानव अधिकारको संरक्षण र समावेशी समाज निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्तित्वलाई सम्मान गर्दै आएको छ। समाजका अनुसार विद्रोहीलाई प्रदान गरिएको यस वर्षको सम्मानले सामाजिक न्याय र मानव अधिकारको क्षेत्रमा उनको निरन्तर सक्रियता तथा योगदानलाई थप सम्मानित बनाएको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence



समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
www.jaleshwortoday.com



## सम्पादकीय..................

# सबैभन्दा ठूलो संघर्षआफ्नै सरकारसँगै

*राजनीतिक दलहरूका घोषणापत्रमा कृषि पहिलो प्राथमिकतामा हुन्छन। चुनाव आउँदा किसान राष्ट्रका मेरुदण्ड हुन्छ । चुनाव सकिएपछि त्यही मेरुदण्ड मलको लाइनमा घण्टौं उभिन्छन । नेताहरू भने वातानुकूलित हलमा बसेर ‘कृषिको आधुनिकीकरण’ बारे बहस गरिरहेका हुन्छ। खेतमा रोपाइँ भइरहेको बेला मल नपुग्नु केवल व्यवस्थापकीय कमजोरी होइन, यो किसान प्रतिको राज्यको उदासीनताको प्रत्यक्ष प्रमाण रहेको देखिन्छ । किनभने धान रोप्ने समय सकिएपछि आएको मल किसानका लागि औषधि होइन, शवमाथिको फूलजस्तै हुन्छन। देशमा अहिले कृत्रिम बुद्धिमत्ताको चर्चा रहेका छन, डिजिटल नेपालको सपना छ, स्याटेलाइट र प्रविधिको कुरा छन। तर किसानले अझै पनि एउटा बोरा युरिया पाउन मानौं कुनै दुर्लभ पुरस्कार जित्नुपर्छ। संसार मंगल ग्रहमा पुग्ने तयारी गर्दैछ। हामी भने मलको गोदामसम्म पुग्न नसकेको अवस्थामा छौं।*

*सबैभन्दा रमाइलो कुरा त के छ भने मल अभावको जिम्मेवार कोही हुँदैन । मल आएन भने मन्त्रालयले आपूर्तिकर्तालाई दोष दिन्छ, आपूर्तिकर्ताले अन्तर्राष्ट्रिय बजारलाई दोष दिन्छ, बजारले युद्धलाई दोष दिन्छ, युद्धले मौसमलाई दोष दिन्छन। अन्तिममा दोष पन्छाउन नसक्ने एक मात्र व्यक्ति किसान हुन्छ, जसले सबैभन्दा धेरै दुःख भोगेका हुन्छन। किसानहरू हरेक वर्ष मौसमसँग लड्छन्, रोगसँग लड्छन्, बजारसँग लड्छन्, तर अन्ततः सबैभन्दा ठूलो संघर्षआफ्नै सरकारसँग गर्नुपर्छ भन्ने देखिएका छन।*

# अवस्था थप तनावपूर्ण बनेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीद्वारा अश्रुग्यास प्रहार

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३० जेठ**



शुक्रबार रातिदेखि तनावग्रस्त बनेको बर्दिबास नगरपालिका-१२, विजलपुरा क्षेत्रस्थित डाँडाटोलमा अवस्था थप तनावपूर्ण बनेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास प्रहार गरेको छ । प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले शनिबार बिहान अवस्था थप तनावपूर्ण बनेपछि करिब १० बजे प्रहरीले तीन सेल अश्रुग्यास प्रहार गरेको जानकारी दिनुभयो ।

उहाँका अनुसार घटनास्थलमा तोडफोड र अराजकता बढेपछि प्रहरीले तीन सेल अश्रुग्यास प्रहार गरेको हो । उहाँले भन्नुभयो, “अहिले बिजलपुराको अवस्था तुलनात्मक रूपमा सामान्य भएको छ। घटनास्थलमा सुरक्षा व्यवस्था कडा पारिएको छ ।” अश्रुग्यास प्रहारपछि भिड केही समय तितरबितर भए पनि पुनः भिड जम्मा भएको छ। भिड बढ्दै जाँदा प्रहरीलाई घटनास्थलको मुचुल्का गर्नसमेत कठिनाइ भएको छ ।

विवाहित महिलाको शङ्कास्पद रूपमा घरभित्रै पासो लगाएर मृत्यु भएको घटनालाई लिएर शुक्रबार रातिदेखि डाँडाटोल तनावग्रस्त बनेको हो। राति नै घटनास्थल पुगेका माइती पक्षले ढुङ्गामुढा, तोडफोड तथा आगजनी प्रयास गरेपछि स्थिति झन् तनावपूर्ण बनेको थियो । प्रहरी र सशस्त्र प्रहरीको टोलीले रातिदेखि नै घटनास्थललाई सुरक्षा घेरामा राखेको छ । प्रहरीका अनुसार शुक्रबार करिब ८ बजे डाँडाटोल निवासी शशी सिंहकी २५ वर्षीया श्रीमती रिङ्कुकुमारी सिंह आफ्नै दुईतले पक्की घरको सुत्ने कोठामा सिलिङ फ्यानमा सलको पासो लगाएको अवस्थामा मृत फेला परेकी हुन् । माइती पक्षले भने रिङ्कुको घरका सासु, ससुरा र श्रीमान्‌ले कर्तव्य गरी हत्या गरेको आरोप लगाएका छन् । मृतक रिङ्कुको एक काखे छोरी रहेको छ। जानकारी पाएलगत्तै गौशाला नगरपालिका-११ कान्तिबजारबाट घटनास्थल पुगेका माइती पक्षले ससुरा रामबाबु सिंह, श्रीमान् शशी सिंह र सासुलाई पक्राउ गर्न माग गर्दै विरोध प्रदर्शन गरेका थिए । माइती पक्षाको विरोधमा स्थानीयसमेत उत्रिएपछि स्थिति झन् तनावग्रस्त बनेको थियो । आक्रोशित भिडले ससुरा रामबाबु सिंहको घरमा रहेको प्र.०४-००१ च. ०३१० नम्बरको कार, एउटा स्कुटरमा तोडफोड तथा आगजनी प्रयास गरेको तथा दुई तले घरमा ढुङ्गामुढा गरेको प्रहरीले जनाएको छ । स्थितिलाई नियन्त्रणमा लिन खोज्दा सुरक्षाकर्मीमाथि समेत ढुङ्गामुढा भएपछि केही सुरक्षाकर्मी सामान्य घाइते भएको जनाइएको छ । इलाका प्रहरी कार्यालय बर्दिबासका डिएसपी गुरुप्रसाद तिम्सिनाका अनुसार घटनास्थलबाट मृतकका श्रीमान् शशी सिंहलाई नियन्त्रणमा लिइएको छ। तर माइती पक्ष तथा स्थानीयले फरार रहेका सासु र ससुरालाई पक्राउ नगरिएसम्म शव उठाउन र मुचुल्का गर्न नदिने अडान लिएका छन्। यस समाचार तयार पार्दासम्म डाँडाटोलको अवस्था सामान्य हुन सकेको छैन। माइती पक्षको समर्थनमा उभिएका स्थानीयले “हत्या नभएको भए सासु र ससुरा किन फरार भए रु” भन्ने प्रश्न उठाएका छन् ।

# मनरा सिस्वामा महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि आयोजित १० दिने आधारभूत तालिम सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३० जेठ**



मनरा सिस्वा नगरपालिकामा महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि सञ्चालित १० दिने ’महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि आधारभूत तालिम’आज शनिबार सफलतापूर्वक सम्पन्न भएको छ । स्वास्थ्य कार्यालय, महोत्तरीको आयोजनामा जेष्ठ २१ गतेदेखि सुरु भएको उक्त तालिम नगरपालिकाको सभाहलमा आज जेष्ठ ३० गते औपचारिक रूपमा समापन गरिएको हो ।

तालिमको मुख्य उद्देश्य स्वयं सेवामार्फत समुदायमा स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक क्रियाकलापहरू सञ्चालन गर्न स्वयंसेविकाहरूलाई सक्षम बनाउनु रहेको थियो । तालिममा सहभागीहरूलाई महिला स्वास्थ्य स्वयंसेविका रणनीति बमोजिम उनीहरूको भूमिकालाई थप प्रभावकारी बनाउन सीप र क्षमता विकाससम्बन्धी प्रशिक्षण दिइएको थियो। समापन कार्यक्रममा स्वास्थ्य कार्यालय महोत्तरीकी नर्सिङ फोकल पर्सन प्रतिभा सिंहले जिल्लाका पिपरा गाउँपालिका, मटिहानी नगरपालिका र मनरा सिस्वा नगरपालिकामा गरी तीनवटा स्थानीय तहमा यो तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो। साथै, स्वास्थ्य कार्यालयले आगामी २०८३ र २०८४ सालमा पनि यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो। त्यस्तै, कार्यक्रममा मनरा सिस्वा नगरपालिकाका नगर प्रमुख मोहन पाण्डेयले यस्ता कार्यक्रमले आम समुदायमा स्वास्थ्य सेवा प्रवाह गर्ने स्वयंसेविकाहरूलाई थप दक्ष र सक्षम बनाउने बताउनुभयो। “यस्ता कार्यक्रमहरू स्वयंसेविकाहरूका लागि अत्यन्तै लाभदायी छन् र यसले आगामी दिनमा समुदायको स्वास्थ्य क्षेत्रमा सकारात्मक प्रभाव पार्नेछ,“ उहाँले भन्नुभयो। तालिममा सहभागी ३४ जना महिला स्वास्थ्य स्वयंसेविकाहरूले यो तालिम आफ्नो लागि एक ऐतिहासिक अवसर भएको बताएका छन्। १० दिनसम्म लामो तालिम लिन पाएको यो पहिलो पटक रहेको बताउँदै उनीहरूले आगामी दिनमा पनि यस्ता क्षमता विकासका कार्यक्रमहरूलाई निरन्तरता दिन आग्रह गरेका छन्। तालिमलाई प्रभावकारी बनाउन जलेश्वर नगरपालिकाका जनस्वास्थ्य अधिकृत अरुण कुमार साह र मनरा सिस्वा नगरपालिकाका सोनौल स्वास्थ्य चौकीका इन्चार्ज सुरेन्द्र प्रसाद भगतले प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो ।

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: शुभ कार्यको शुरुवात
सिंह: अनावश्यक चिन्ता
कन्या: खानपानमा समस्या आउने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: मनमा पछुतो आउने
धनु: लामो यात्राको योग छ
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# उत्तर कोरियामा ड्रोन घुसपैठ गराएको अभियोगमा दक्षिणका पूर्वराष्ट्रपतिलाई तीस वर्षको जेल सजाय थप

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० जेठ**



दक्षिण कोरियाको एक अदालतले पूर्वराष्ट्रपति युन सुक-योललाई राज्यद्रोहको अभियोगमा ३० वर्षको जेल सजाय सुनाएको छ । उत्तर कोरिया (डीपीआरके) मा ड्रोन घुसपैठ गराएर देशको सैन्य हितविपरीत कार्य गरेको ठहर गर्दै सियोल केन्द्रीय जिल्ला अदालतले शुक्रबार उक्त फैसला सुनाएको हो ।

अदालतले युनलाई साधारण राज्यद्रोहको कसुरमा दोषी ठहर गरेको छ, जुन दक्षिण कोरियाको सैन्य स्वार्थमा हानि पुर्‍याउने वा शत्रु पक्षलाई फाइदा पुर्‍याउने अपराधसँग सम्बन्धित छ । अदालतको फैसलामा भनिएको छ कि उक्त ड्रोन घुसपैठ राष्ट्रिय सुरक्षा वा प्रतिरक्षाका लागि नभई निजी स्वार्थका लागि गरिएको थियो, जसले देशको सैन्य हितमा ठूलो क्षति पुर्‍याएको छ ।

स्वतन्त्र काउन्सिलको अनुसन्धान टोलीले युन विरुद्ध ३० वर्षको कारागार सजाय माग गर्दै अदालतमा दाबी पेस गरेको थियो। युनमाथि सन् २०२४ अक्टोबरमा प्योङयाङमा ड्रोन घुसपैठ गराउन आदेश दिएको र सोही वर्षको डिसेम्बरमा मार्सल ल (सैन्य शासन) घोषणा गर्न आधार तयार पार्ने उद्देश्यले उत्तर कोरियालाई सैन्य उत्तेजना फैलाउन उकासेको अभियोग लगाइएको थियो ।

विशेष अभियोजक टोलीका अनुसार उक्त ड्रोन अपरेसनले दुई कोरियाबिच सैन्य तनाव बढाउनुका साथै ड्रोन दुर्घटनाका कारण सैन्य सञ्चालन र सम्पत्तिसम्बन्धी अति गोप्य सूचनाहरू समेत चुहावट हुन पुगेको थियो । सोही मुद्दामा अदालतले पूर्वरक्षामन्त्री किम योङ-ह्युनलाई ३० वर्षको जेल सजाय सुनाएको छ । यो सजाय अभियोजन पक्षले माग गरेको २५ वर्षको सजाय भन्दा पनि बढी हो। त्यस्तै, डिफेन्स काउन्टर इन्टेलिजेन्स कमान्डका पूर्व प्रमुख यो इन-ह्युङलाई १५ वर्षको जेल सजाय तोकिएको छ । युन, किम र यो विरुद्ध सन् २०२५ नोभेम्बरमा राज्यद्रोहको मुद्दा दायर गरिएको थियो । यसअघि सन् २०२४ डिसेम्बर ३ मा संकटकाल घोषणा गरी राज्य विद्रोह गरेको अभियोगमा पूर्वराष्ट्रपति युनलाई गत फेब्रुअरीमा जन्मकैदको सजाय सुनाइसकिएको थियो। सन् २०२५ जनवरीमा विद्रोहको मुख्य योजनाकारको रूपमा हिरासतमा लिइएका युन, पदमा बहाल रहँदाको

# आगामी वर्ष विद्युत् उत्पादन क्षमता ५३ सय मेगावाट पुर्‍याइने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० जेठ**



सरकारले आगामी आर्थिक वर्षभित्र मुलुकको कुल जडित विद्युत् उत्पादन क्षमतालाई ५ हजार ३३५ मेगावाट पुर्‍याउने महत्त्वाकाङ्क्षी लक्ष्य अघि सारेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको वार्षिक विकास कार्यक्रम अनुसार एक वर्षभित्र राष्ट्रिय प्रसारण प्रणालीमा थप १ हजार ४० मेगावाट जलविद्युत् थपिनेछ ।

यसका लागि निर्माणाधीन तथा निर्माणको अन्तिम चरणमा पुगेका जलविद्युत् आयोजनाहरूलाई समयमै सम्पन्न गर्न विशेष जोड दिइने मन्त्रालयले जनाएको छ । सरकारी लगानीका मात्र नभई निजी क्षेत्रबाट प्रवर्द्धन भइरहेका आयोजनाहरूलाई समेत नीतिगत तथा व्यावहारिक सहजीकरण गरी तोकिएकै समयमा उत्पादन सुरु गर्ने सरकारको रणनीति छ ।

विद्युत् उत्पादनसँगै प्रसारण पूर्वाधार विस्तारलाई पनि मन्त्रालयले उच्च प्राथमिकतामा राखेको छ। वार्षिक कार्यक्रम अनुसार ६६ केभी र सोभन्दा माथिको प्रसारण लाइन हालको ७ हजार ४८ सर्किट किलोमिटरबाट बढाएर ७ हजार ८०८ सर्किट किलोमिटर पुर्‍याइनेछ भने ३३ केभी प्रसारण लाइनलाई ८ हजार ३२५ सर्किट किलोमिटरबाट बढाएर ८ हजार ४२९ सर्किट किलोमिटर पुर्‍याउने लक्ष्य छ ।

# विद्युतीय ट्रान्सफर्मर चोरीको घटना प्रयोग भएको आशङ्कामा प्रहरीद्वारा भारतीय नम्बर प्लेटको कार नियन्त्रणमा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३० जेठ**



धनुषाको धनुषाधाम नगरपालिका-५, नौ सय बिघा क्षेत्रमा विद्युतीय ट्रान्सफर्मर चोरीको घटना प्रयोग भएको आशङ्कामा प्रहरीले भारतीय नम्बर प्लेटको कार नियन्त्रणमा लिएको छ ।

शुक्रबार राति १ बजे बीआर ०१ इके ४०२४ नम्बरको कार नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय उमाप्रेमपुरका इन्चार्ज अजयकुमार झाले बताउनुभयो । उहाँले खेत सिँचाइका लागि जडान गरिएको ट्रान्सफर्मर चोरीको प्रयास भएको जानकारी दिनुभयो। उहाँका अनुसार राति नियमित गस्तीको क्रममा सिँचाइका लागि प्रयोग गरिएको ट्रान्सफर्मर पोलबाट तल खसालिएको अवस्थामा भेटिएको थियो । चोरी गर्ने नियतले ट्रान्सफर्मर तल झारेको हुनसक्ने अनुमान गरेर चोरीमा संलग्न व्यक्तिको खोजतलास गर्नेक्रममा घटनास्थल नजिकै बेवारिसे अवस्थामा भारतीय नम्बर प्लेटको कारलाई भेटिएको प्रहरी इन्चार्ज झाले बताउनुभयो ।

# जीवन आफैंमा एक निरन्तर अभ्यास हो : दयाहाङ राई

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० जेठ**



साहित्यकार शोभा अधिकारीको 'सफलताका २७ स्वर्णिम सूत्रहरू' विमोचन भएको छ। शनिवार अधिकारीद्वारा लिखित सफलताको २७ स्वर्णिम सूत्रहरू लोकार्पण गरिएको हो । लोकार्पण समारोहमा बोल्दै अभिनेता दयाहाङ राईले सफलतालाई केवल भौतिक उपलब्धि वा उचाइ हासिल गर्नुसँग मात्र जोड्न नहुने तर्क गरे ।

कुनै पुस्तक वा विचारधारामा उल्लेख गरिएका सफलताका सूत्रहरू सबैका लागि समान रूपमा फलदायी नहुने उनले उल्लेख गरे । मानिस एक सामाजिक प्राणी भएकाले उसको सोच र चिन्तन प्रणालीमा समाजको गहिरो प्रभाव रहने राईको भनाइ छ। आफ्नो अभिनय यात्रा र चरित्र निर्माणको अनुभवलाई जोड्दै राईले स्थान र परिवेशले मानिसको अनुभूतिमा परिवर्तन ल्याउने बताए । राईले जीवनलाई बुझ्नका लागि सामाजिक र व्यक्तिगत दुवै दृष्टिकोणको सन्तुलन आवश्यक रहेको कुरामा जोड दिए ।

उनले भने- 'अब सफलता के हो भन्ने प्रश्न आउँछ । खुसीलाई सफलता मान्ने कि नमान्ने ? सगरमाथा चढ्नुलाई सफलता मान्ने कि नमान्ने ? पदोन्नति पाउनुलाई सफलता मान्ने कि नमान्ने ? केवल उचाइमा पुग्नुलाई मात्र सफलता मान्ने कि फेरि जमिनमा फर्किएर सामान्य जीवन जिउन सक्नुलाई पनि सफलता मान्ने ? यस्ता धेरै प्रश्नहरू छन् । त्यसैले मेरो बुझाइमा जीवन आफैंमा एउटा अभ्यास हो। यस पुस्तकमा उल्लेख गरिएका कतिपय सूत्रहरू आफूमाथि लागू हुन्छन् भने कतिपय सूत्रहरू लेखकको आफ्नै सोच र चिन्तनबाट आएका छन्, जुन सबै मानिसमा समान रूपमा लागू नहुन पनि सक्छन् । किनभने मानिस एक्लै हुँदैन, ऊ समाजसँग जोडिएको हुन्छ । समाजको आफ्नै चिन्तन, सोच र विश्वास प्रणाली हुन्छ ।'

# समूह 'डी' : अस्ट्रेलिया र टर्कीमा को बलियो ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० जेठ**




अस्ट्रेलियाले पछिल्ला पाँच विश्वकपमा सहभागिता जनाएको छ । त्यसैले विश्वकप २०२६ मा अस्ट्रेलियाले आफ्नो स्थान सुरक्षित गर्नु कुनै आश्चर्यको कुरा होइन । सन् २०२२ मा त टोलीले अन्तिम १६ सम्मको यात्रा गरेको थियो ।

जुन विश्वकप इतिहासमा अस्ट्रेलियाको सबैभन्दा सफल यात्रा हो । यसपाली अमेरिकामा प्रभाव छोड्न अस्ट्रेलियालाई कतार जस्तो सहज छैन । किनभने आइतबारको प्रतिद्वन्द्वी टर्कीसँगै अस्ट्रेलियाको समूहमा अमेरिका र पाराग्वे जस्ता टोली छन् । प्रतियोगिताअघि अस्ट्रेलियाले दुई अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्यो। मे ३१ मा मेक्सिकोसँग १-० ले हारेको अस्ट्रेलियाले ६ दिनपछि स्विट्जरल्यान्डलाई १-१ को बराबरीमा रोक्यो। टोनी पापोभिकको नेतृत्वमा रहेको अस्ट्रेलियाले टर्कीपछि जुन १९ मा अमेरिका र २५ मा पाराग्वेको सामना गर्ने तालिका छ। अस्ट्रेलिया र टर्कीले अहिलेसम्म दुईपटक मात्र एकअर्कासँग प्रतिस्पर्धा गरेका छन् । मे २००४ मा अस्ट्रेलियाले दुवै मैत्रीपूर्ण खेलमा टर्कीलाई हराएको थियो ।

टर्कीका लागि अमेरिका विश्वकप तेस्रो अनुभव हो । सन् २००२ पछि पहिलोपटक टर्कीले विश्व फुटबलको कुम्भमेलामा सहभागिता जनाएको छ । २४ वर्षअघि टर्कीले सबैलाई आश्चर्यचकित पारेको थियो । सेमिफाइनलसम्मको यात्रा तय गरेको टर्की पछि तेस्रो बनेको थियो । युरोपियन च्याम्पियनसिप २०२४ मा टर्कीले क्वार्टरफाइनलसम्मको यात्रा गर्यो। त्यसैले पनि टर्कीमाथि यसपाली सबैको नजर छ । पछिल्लो लयका कारण पनि टर्कीलाई नजर-अन्दाज गर्न सकिन्न । टोली पछिल्ला ८ खेलमा अपराजित छ ।

# ठगीसम्बन्धी मुद्दामा सेलिब्रेटी सेफ सन्तोष साह पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३० जेठ**



ठगीसम्बन्धी मुद्दामा सेलिब्रेटी सेफ सन्तोष साह पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई जनकपुरधाम उपमहानगरपालिका-८ स्थित रामानन्द चोक क्षेत्रबाट पक्राउ गरेको हो ।

कार्यालयका प्रमुख एसएसपी सन्तोष खड्काका अनुसार साहविरुद्ध परेको जाहेरीका आधारमा अनुसन्धानका लागि पक्राउ गरिएको हो। सिरहाको कर्जन्हा नगरपालिका-११ घर भएका साह पछिल्लो समय विभिन्न व्यावसायिक गतिविधिमा संलग्न रहेका थिए। प्रहरीका अनुसार चितवन घर भई काठमाडौंमा बसोबास गर्दै आएकी सकुन्तला थापाले साहविरुद्ध ठगीको उजुरी दिएकी थिइन् । थापाले करिब दुई वर्षअघि काठमाडौंको गैरीधारास्थित आफ्नो रेस्टुरेन्ट साहलाई २ करोड २५ लाख रुपैयाँमा बिक्री गरेको दाबी गरेकी छन् । उनका अनुसार कारोबारको क्रममा केही रकम प्राप्त भए पनि १ करोड ५० लाख रुपैयाँभन्दा बढी रकम अझै भुक्तानी हुन बाँकी रहेको छ । बाँकी रकम माग गर्दा विभिन्न कारण देखाउँदै भुक्तानी टार्दै आएको आरोप उनले लगाएकी छन् । थापाले एक वर्षअघि साहले दिएको चेक बैंकमा प्रस्तुत गर्दा खातामा पर्याप्त रकम नभएको बताएकी छन् । त्यसपछि आफूले कानुनी प्रक्रियाअन्तर्गत प्रहरीमा उजुरी दिएको उनको भनाइ छ ।

# न्याय जनताको घरदैलोमा न्यायिक सेवाको पुनर्संरचनाको आवश्यकता



- प्रेमचन्द्र झा ।

-लोकतान्त्रिक शासन व्यवस्थाको मूल आत्मा भनेकै नागरिकलाई सहज, सुलभ र प्रभावकारी रूपमा न्याय उपलब्ध गराउनु हो । राज्यका अन्य सेवाजस्तै न्याय पनि नागरिकको आधारभूत अधिकारसँग जोडिएको विषय हो। संविधानले प्रत्येक नागरिकलाई न्यायमा पहुँचको अधिकार सुनिश्चित गरेको छ। तर व्यवहारमा हेर्दा अझै पनि धेरै नागरिकले न्याय प्राप्त गर्न भौगोलिक दूरी, आर्थिक भार, समयको अभाव तथा प्रशासनिक जटिलताका कारण कठिनाइ भोगिरहेका छन्। यस्तो अवस्थामा न्यायपालिकाले आफ्नो सेवा संरचनालाई समयानुकूल बनाउँदै जनताको नजिक पुग्ने प्रयास गर्नु केवल प्रशासनिक सुधार मात्र होइन, लोकतान्त्रिक उत्तरदायित्वको पनि विषय हो।
हाल काठमाडौं जिल्ला अदालतले सेवाग्राहीको अत्यधिक चाप र बढ्दो मुद्दाको संख्यालाई मध्यनजर गर्दै क्षेत्रगत रूपमा सेवा विस्तार गर्ने योजना अघि सारेको चर्चा भइरहेको छ। यस विषयमा विभिन्न कोणबाट बहस भइरहेको छ ।

कतिपयले यसलाई न्याय सेवाको विकेन्द्रीकरणतर्फको सकारात्मक कदम मानेका छन् भने केही कानुन व्यवसायी तथा सरोकारवालाले यसप्रति असन्तुष्टि व्यक्त गरेका छन्। तर कुनै पनि निर्णयको मूल्यांकन गर्दा त्यसको मूल उद्देश्य, जनताको आवश्यकता र दीर्घकालीन प्रभावलाई केन्द्रमा राखेर विचार गर्न आवश्यक हुन्छ । काठमाडौं जिल्ला अदालतमा दैनिक रूपमा हजारौं सेवाग्राहीको आवागमन हुन्छ। जनसंख्या वृद्धि, शहरीकरण, आर्थिक गतिविधिको विस्तार तथा नागरिकको अधिकारप्रतिको बढ्दो सचेतनासँगै मुद्दाको संख्या पनि निरन्तर बढिरहेको छ ।

अदालत परिसरमा देखिने भीडभाड, लामो प्रतीक्षा, सेवा लिन लाग्ने अतिरिक्त खर्च र समयको नोक्सानीले सेवाग्राहीलाई प्रत्यक्ष असर गरिरहेको छ। यस्तो अवस्थामा अदालतले आफ्नो सेवा क्षेत्रगत रूपमा विस्तार गरी नागरिकलाई नजिकबाट सेवा उपलब्ध गराउने प्रयास गर्नु स्वाभाविक र आवश्यक देखिन्छ। वास्तवमा न्याय सेवाको पहुँच विस्तार केवल काठमाडौंको समस्या समाधान गर्ने विषय मात्र होइन। यो देशव्यापी आवश्यकता हो। नेपालको भौगोलिक बनावट, यातायातको अवस्था तथा नागरिकको आर्थिक हैसियतलाई हेर्दा अझै पनि धेरै नागरिकका लागि अदालतसम्म पुग्नु चुनौतीपूर्ण छ। कतिपय जिल्लाका नागरिकले सामान्य प्रकृतिको मुद्दाका लागि पनि घण्टौं वा दिनौं यात्रा गर्नुपर्छ। यातायात खर्च, बसोबास खर्च र कामधन्दा छाड्नुपर्ने बाध्यताले न्याय खोज्ने प्रक्रिया महँगो र झन्झटिलो बन्न पुगेको छ । फलस्वरूप धेरै नागरिकले आफ्नो अधिकारको संरक्षणका लागि कानुनी बाटो अपनाउन समेत हिच्किचाउने अवस्था सिर्जना हुन्छ। यस कारण अब न्यायपालिकाले दीर्घकालीन सोचका साथ न्यायिक सेवाको पुनर्संरचनाबारे गम्भीर रूपमा विचार गर्नुपर्ने आवश्यकता देखिएको छ । जसरी स्थानीय सरकार नागरिकको घरदैलोमा पुगेको छ, त्यसरी नै न्यायिक सेवाको पनि क्रमिक विकेन्द्रीकरण हुन आवश्यक छ। विशेषगरी जहाँ प्रहरी कार्यालय वा इलाका प्रशासनिक संरचना प्रभावकारी रूपमा सञ्चालन भइरहेका छन्, त्यस्ता क्षेत्रमा न्यायिक सेवा विस्तार गर्ने सम्भावना अध्ययन गर्न सकिन्छ। प्रारम्भिक चरणमा मुद्दाको वैधानिकता परीक्षण, निवेदन दर्ता, प्रारम्भिक सुनुवाइ तथा मेलमिलापसम्बन्धी सेवाहरू स्थानीय स्तरमै उपलब्ध गराउन सकिने व्यवस्था विकसित गर्न सकिन्छ। न्याय जनताको नजिक पुग्दा त्यसको प्रत्यक्ष लाभ सेवाग्राहीले पाउँछन्। नागरिकले कम समय, कम खर्च र कम झन्झटमा आफ्नो समस्या कानुनी प्रक्रियामार्फत समाधान गर्न सक्छन्। न्यायमा सहज पहुँचले कानुनी शासनप्रति जनविश्वास बढाउँछ। साथै स्थानीय स्तरमै विवाद समाधान हुने वातावरण बनेमा अदालतमा अनावश्यक चाप पनि कम हुन सक्छ। यसले न्यायिक प्रणालीलाई अझ प्रभावकारी र व्यवस्थित बनाउन सहयोग पुर्‍याउँछ ।

यद्यपि न्यायिक सेवाको विकेन्द्रीकरणबारे बहस गर्दा अर्को महत्त्वपूर्ण पक्षलाई पनि बिर्सन मिल्दैन। अहिले देशभरका नागरिकले विशेष अदालत, श्रम अदालत, बालबालिकासम्बन्धी मुद्दा हेर्ने अदालत तथा उपभोक्ता अधिकारसम्बन्धी न्यायिक निकायहरूको सेवा प्राप्त गर्न मुख्यत: काठमाडौं केन्द्रित संरचनामा निर्भर रहनुपरेको अवस्था छ । भ्रष्टाचारका मुद्दा, श्रम विवाद, बाल अधिकारसम्बन्धी संवेदनशील विषय वा उपभोक्ता अधिकार उल्लंघनका घटनामा न्याय खोज्न देशका विभिन्न भूभागबाट नागरिक काठमाडौं आउन बाध्य छन्। यसले आर्थिक, सामाजिक तथा मानसिक रूपमा ठूलो बोझ सिर्जना गरेको छ । दूरदराजका नागरिकले एउटा मुद्दाको सुनुवाइका लागि पटकपटक काठमाडौं धाउनुपर्ने अवस्था न्यायमा समान पहुँचको सिद्धान्तसँग पूर्ण रूपमा मेल खाँदैन। संविधानले समान अवसर र न्यायिक पहुँचको प्रत्याभूति गरे पनि संरचनागत सीमितताका कारण व्यवहारमा असमानता देखिने गरेको छ। यस विषयमा अपेक्षाकृत कम बहस हुनु र पर्याप्त ध्यान नजानु पनि चिन्ताको विषय हो। यदि सेवाग्राहीको सुविधालाई केन्द्रमा राख्ने हो भने विशेष अदालत, श्रम अदालत, बाल अदालत तथा उपभोक्ता अदालतजस्ता संस्थाहरूको सेवा विस्तार प्रदेशस्तर वा क्षेत्रीय स्तरसम्म पुर्‍याउने विषयलाई प्राथमिकताका साथ उठाउनुपर्छ। वर्तमान संघीय व्यवस्थाले पनि यस्ता सुधारका लागि पर्याप्त आधार प्रदान गरेको छ। संघीयताको मूल मर्म भनेकै अधिकार, स्रोत र सेवा नागरिकको नजिक पुर्‍याउनु हो। त्यसैले भविष्यमा विशेष प्रकृतिका अदालतहरूलाई प्रदेशस्तरमा विस्तार गर्दै लैजाने नीति अवलम्बन गरिनुपर्छ। यसले काठमाडौं केन्द्रित न्यायिक भार घटाउनुका साथै देशका सबै नागरिकलाई तुलनात्मक रूपमा समान अवसर उपलब्ध गराउनेछ। यसै सन्दर्भमा काठमाडौं जिल्ला अदालतको क्षेत्रगत सेवा विस्तारलाई केवल एउटा प्रशासनिक निर्णयको रूपमा मात्र होइन, न्यायिक सुधारको प्रारम्भिक संकेतका रूपमा पनि हेर्न सकिन्छ। अवश्य पनि यस्तो निर्णय अघि बढाउँदा पर्याप्त अध्ययन, कानुनी विश्लेषण, पूर्वाधार मूल्यांकन तथा सरोकारवालासँग व्यापक परामर्श आवश्यक हुन्छ । नेपाल बार एशोसिएशन, न्यायाधीश, कानुन व्यवसायी, नागरिक समाज तथा सेवाग्राहीका प्रतिनिधिहरूबीच खुला र गहन छलफल हुनुपर्छ । कुनै पनि सुधार दीर्घकालीन रूपमा सफल हुन त्यसमा सहभागी सबै पक्षको विश्वास र सहकार्य आवश्यक हुन्छ । कानुन व्यवसायीहरूले उठाएका चिन्ता र प्रश्नहरूलाई पनि गम्भीरतापूर्वक लिनुपर्छ। किनभने न्याय प्रणालीको प्रभावकारिता सुनिश्चित गर्न वकालत व्यवसायको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। तर सुधारको विरोध केवल विरोधका लागि हुनु पनि उपयुक्त हुँदैन। सुधारको उद्देश्य, त्यसले जनतालाई दिने लाभ तथा सम्भावित चुनौतीहरूको वस्तुगत विश्लेषण आवश्यक हुन्छ। यदि कुनै निर्णयले सेवाग्राहीको सुविधा, न्यायमा पहुँच र न्यायिक दक्षता बढाउँछ भने त्यसलाई रचनात्मक रूपमा परिमार्जन गर्दै अघि बढाउन सकिन्छ। आजको नेपाल विगतको नेपाल होइन । नागरिकहरू अधिकारप्रति सजग छन्, कानुनी चेतना बढेको छ र न्यायको माग पनि विस्तार भएको छ। सामाजिक, आर्थिक तथा प्रविधिगत परिवर्तनसँगै न्यायिक प्रणालीले पनि आफूलाई रूपान्तरण गर्नुपर्ने आवश्यकता छ । जनताको आवश्यकता स्थिर रहँदैन; त्यसअनुसार सेवा संरचना पनि समयानुकूल हुनुपर्छ। एक समय जिल्लास्तरीय अदालत पर्याप्त हुन सक्छन्, तर बढ्दो जनसंख्या, शहरी विस्तार र नागरिक चापलाई हेर्दा अब थप विकेन्द्रीकृत संरचनाको आवश्यकता महसुस हुनु स्वाभाविक हो । विशेष गरी ती जिल्ला अदालतहरू जहाँ दुई वा सोभन्दा बढी इजलास नियमित रूपमा सञ्चालन भइरहेका छन्, त्यहाँ क्षेत्रगत आधारमा सेवा केन्द्र स्थापना गर्ने सम्भावनाबारे अध्ययन गर्न सकिन्छ। यसले मुख्य अदालतको कार्यभार कम गर्नुका साथै नागरिकलाई नजिकबाट सेवा दिन मद्दत गर्नेछ। आधुनिक सूचना प्रविधिको प्रयोगमार्फत अभिलेख व्यवस्थापन, मुद्दा दर्ता, सुनुवाइ व्यवस्थापन तथा डिजिटल समन्वयलाई प्रभावकारी बनाउन सकिने भएकाले भौगोलिक विस्तारले प्रशासनिक जटिलता मात्र बढाउँछ भन्ने धारणा पनि अब पूर्ण रूपमा सान्दर्भिक छैन। न्याय केवल फैसला सुनाउने प्रक्रिया होइन; यो नागरिकको अधिकार, सम्मान र राज्यप्रतिको विश्वाससँग जोडिएको विषय हो। जब नागरिकले सहज रूपमा न्याय पाउँछन्, तब कानुनी शासन बलियो हुन्छ। जब न्याय पाउन अनावश्यक खर्च, दूरी र झन्झटको सामना गर्नुपर्छ, तब राज्यप्रतिको विश्वास कमजोर हुन सक्छ। त्यसैले न्यायलाई जनताको घरदैलोमा पुर्‍याउने अवधारणा केवल प्रशासनिक सुविधा होइन, सामाजिक न्यायको आधारभूत आवश्यकता हो ।

अन्तत: नेपालको न्यायिक प्रणालीले आगामी दिनमा सेवाग्राही केन्द्रित सोचलाई अझ मजबुत बनाउँदै जानुपर्छ। काठमाडौं जिल्ला अदालतको क्षेत्रगत सेवा विस्तारको प्रयासलाई यही व्यापक सन्दर्भमा हेर्न आवश्यक छ। साथै देशभरका विशेष अदालत, श्रम अदालत, बाल अदालत तथा उपभोक्ता अदालतहरूको सेवा प्रदेशस्तरमा विस्तार गर्ने दिशामा पनि नीति निर्माताहरूले ध्यान दिनुपर्छ। न्यायपालिकाको गौरव केवल कानुनी निर्णयमा मात्र होइन, नागरिकलाई सहज, सरल, सुलभ र प्रभावकारी रूपमा न्याय उपलब्ध गराउने क्षमतामा निहित हुन्छ । समयको माग यही हो कि न्यायालय अदालत भवनभित्र सीमित नहोस्, बरु जनताको जीवनसँग प्रत्यक्ष जोडिएर उनीहरूको घरदैलोसम्म पुग्ने साहसिक र दूरदर्शी कदम चालोस्। जब न्याय जनताको नजिक पुग्छ, तब लोकतन्त्र बलियो हुन्छ, नागरिकको विश्वास बढ्छ र विधिको शासन अझ सुदृढ बन्छ। यही मार्ग नै आधुनिक, समावेशी र नागरिकमैत्री न्याय व्यवस्थातर्फको सही दिशा हो।( झा, नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्ष हुन ) ।









प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday